विराट गोल्डकप

# दिल्लीलाई हराउँदै एपीएफ क्वाटरफाइनलमा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २० फागुन*



विभागीय टिम सशस्त्र प्रहरी बल (एपीएफ) ९ औं संस्करणको विराट गोल्डकपको क्वाटरफाइनलमा पुगेको छ। विराटनगरको सहिद रंगशालामा मंगलबार भएको दोस्रो दिन खेलमा भारतको सुदेभा दिल्ली फुटबल क्बललाई टाइबेकरमा ५-३ गोलले हराउँदै एपीएफ क्वाटरफाइनलमा पुगेको हो।

निर्धारित समयसम्म गोलरहित खेल बराबारी भएपछि जितको छिनोफानो टाइबेकरबाट भएको हो। टाइबेकरमा एपीएफको तर्फबाट सुमन श्रेष्ठ, दिपेश धिमाल, मणि कुमार लामा, सविन गुरुङ र अनिल श्रेष्ठले गोल गरे।

दिल्लीको तर्फबाट राहिफ, पिसि र उदितले मात्र गोल गरे भने रमेशको प्रहार एपीएफका गोल रक्षक एन्जल श्रेष्ठले उत्कृट बचाउ गरेका थिए।

खेलको पहिलो हाफसम्म दबावमा राखेको एपीएफले दोस्रो हालदेखि आक्रमक खेल पस्कियो। तर, पनि जितको लागि टाइबेर कुर्नुपर्यो। खेलको ३० औ मिनेटमा एपीएफका हरी कार्कीले बललाई मध्यभागबाट बललाई एक्लै अगाडी बढाएर डिबक्स भित्रबाट गरेको प्रहार बाहिरयो। त्यसलगत्तै एपीएफका मनि कुमार लामाले पाएको सुन्दर गोल गर्ने अवसर खेर फाले। सुमनले निकालेको पासलाई मनिकुमारले प्रहार गरेको वान भर्सेस वानको प्रहार बाहिरयो। ३७ मिनेटमा एसपीएफका हरीले डि बक्सभित्रबाट गरेको पावरफुल प्रहार फस्टबारबाट बाहिरियो। दोस्रो हाफदेखि दिल्लीले पाएको सुन्दर अवसर खेर फाल्दा पाहुना टोली प्रतियोगितादेखि बाहिरन बाध्य भयो। खेलको ८५ औं मिनेटमा दिल्लीका उदितले डिबक्स नजिकदेखि गरेको प्रहार एपीएफका गोल रक्षक एन्जल श्रेष्ठले उत्कृष्ट बचाउ गरिदिए। त्यसलगतै दिल्लीका लुन्कल गरेको वानटच बल एपीएफका गोल रक्षक श्रेष्ठले उत्कृकष्ट बचाउँदा गरिदिदा गोल हुनबाट चुक्यो। प्रतियोगिताको प्लेर अफ द म्याच एपीएफको गोल रक्षक एन्जल श्रेष्ठ घोषित भए। उनले नगद ११ हजार पाए।

बुधबार पहिलो क्वाटरफाइनल खेल त्रिभूवन आर्मी र रिजालको मोरङ ११ बिच प्रतिस्पर्धा हुनेछ।

# अलैंचीको मूल्य घट्यो

विराटनगर, २० फागुन (हाम्रोमत)- अलैंचीको मूल्य ओरालो लग्न थालेको छ। ताप्लेजुङ सदरमुकाम फुङलिङमा अलैंचीको मूल्य प्रतिमन ९८ हजार रुपियाँमा झरेर कारोबार भइरहेको स्थानीय व्यापारीले बताएका छन्।

फुङलिङ बजारका व्यवसायी भद्रबिर रेग्मीका अनुसार अलैंचीको मूल्य घट्दै-घट्दै मंगलबार प्रतिमन ९८ हजार रुपियाँमा आइपुगेको छ। करिव दुई सातायता मनमा एक हजार र दुई हजार रुपियाँका दरले अलैंचीको मूल्य घटिरहेको उनी बताउँछन्।

सोमबार फुङलिङ बजारमा प्रतिमन एक लाख रुपियाँमा अलैंचीको कारोबार भएको थियो। एक दिनपछि मंगलबार दुई हजारले घटेर ९८ हजार रुपियाँमा अलैंचीको कारोबार भइरहेको छ।

हाल अलैंची नेपाल बाहिर निर्यात हुन नपाएकाले मूल्य घट्न थालेको स्थानीय व्यवसायी बताउँछन्। देश बाहिरका व्यापारीबाट अलैंचीको माग हुन छोडेको र नेपाली व्यापारीले थन्क्याएर राख्नु परेकाले मूल्य घट्न थालेको व्यवसायी रेग्मीले बताए।

नेपालमा उत्पादन हुने अलैंचीको मूल्य अन्तर्राष्ट्रिय बजारमा भर पर्नुपर्ने बाध्यता छ।

# 'खेल क्षेत्रमा लगानी बढाउनुपर्छ'

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २० फागुन*

नेपाली कांग्रेसका नेता तथा प्रतिनिधिसभा सदस्य डा. शेखर कोइरालाले राज्यले खेलकुद क्षेत्रमा गर्दै आएको लगानी बढाउनुपर्ने बताएका छन्।

खेलकुदमा लगानी बढाएर विद्यालयस्तरदेखि नै विभिन्न खेलकुद गर्ने हो भने स्वास्थ्य क्षेत्रमा हुनै आएको खर्च घट्ने उनले बताए। 'जीवनशैली र खानपानका कारण अनि नियमित व्यायामको अभावले गर्दा अहिले मानिसमा अनेकौं किसिमका रोगहरु लाग्दै गएको छ। रोग लागेपछि उपचार गर्नै पर्‍यो। उपचार गर्दा लाखौं खर्च हुन्छ,' नेता कोइरालाले थपे, 'यदि खेलकुदमा लगानी बढाएर खेलकुदका गतिविधि बढाउन सकियो भने मान्छे स्वस्थ हुन्छन्। जसबाट स्वास्थ्य उपचारमा हुँदै आएको खर्च घट्छ। अझ उपचारका नाममा कडोरौं रुपैयाँ हरेक वर्ष विदेशिने गरेको छ। त्यो पनि रोकिन्छ।'

नेता कोइरालाले खेलाडीबाट राजनैतिक दलका नेता कार्यकर्ताले अनुशासन सिक्नु पर्ने पनि बताए।

विराट गोल्डकपको उद्घाटन समारोहलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै नेता कोइरालाले राजनीतिमा अनुशासनहीनता बढ्दै गएको भन्दै चिन्तासमेत व्यक्त गरे। उनले दलका नेता तथा कार्यकर्ताले खेलाडीबाट अनुशासन सिक्नुपर्नेमा जोड दिए। 'अहिले जुनसुकै पार्टीभित्र अनुशासनहीनता बढ्दै गएको छ,' संघीय सांसदसमेत रहेका कोइरालाले भने, 'अनुशासन कस्तो हुनुपर्छ? अनुशासनमा बसेर मेहनत गर्दा कस्तो सफलता प्राप्त हुन्छ भन्ने कुरा नेता कार्यकर्ताहरुले खेलाडीबाट सिक्नुपर्दछ।'



नेता कोइरालाले विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले स्वास्थ्यका लागि मात्रै होइन आपसी सम्बन्ध र भाइचाराका लागि पनि खेलकुद अति आवश्यक रहेको औंल्याए। खेलकुदले देशको नामलाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउन मद्दत गर्ने उनको भनाइ थियो। 'हाम्रा थुप्रै खेलाडीहरुले अन्तर्राष्ट्रिय पदक प्राप्त गरी देशको नामलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याएका छन्। खेलकुदका माध्यमबाट आर्थिक र आणविक रुपमा जस्तोसुकै शक्तिशाली र धनी मुलुकलाई पनि परास्त गर्न सकिन्छ,' उनले भने। कार्यक्रममा विराट गोल्डकप ट्रष्टका अध्यक्ष किशोरबहादुर शाही, आयोजक समितिका संयोजक नविन रिजाल, प्रदेश खेलकुद विकास बोर्डकी उपाध्यक्ष विन्द्या कार्कीलगायतले खेलकुदका माध्यमबाट देशको नाम अन्तर्राष्ट्रियस्तरमा चिनाउन मद्दत पुग्ने धारणा राखे।

रमपम चाउचाउले मुख्य प्रायोजन गरेको प्रतियोगितामा नेपाल र भारतका १० वटा टिमले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिता यही फागुन २८ गते सम्पन्न हुनेछ।

# ठगीका आरोपी डेढ लाख धरौटीमा छुटे

विराटनगर, २० फागुन (हाम्रोमत)- सुनचाँदी पसलबाट कानुनविपरीत वित्तीय कारोबार गरेको आरोपमा पक्राउ परेका व्यवसायी धरौटीमा छुटेका छन्।

विराटनगर महानगरपालिका-८ घर भएका सुनचाँदी व्यवसायी ३९ वर्षीय पवन श्रेष्ठलाई जिल्ला अदालत मोरङले धरौटीमा छाड्न आदेश दिएको हो।

न्यायाधीश सीता शर्मा अधिकारीको इजलासले धरौटीबापत १ लाख ५० हजार रूपैयाँ लिएर तारेखमा छाड्न सोमबार आदेश दिएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले जानकारी दिए। आदेशलगत्तै धरौटीबापतको रकम बुझाएर श्रेष्ठ छुटेका छन्।

विराटनगर-७ मेन रोडमा चाँदनी गहना सो-रुम नाम दिएर ज्वेलर्स सञ्चालन गर्दै आएका श्रेष्ठलाई मोरङ प्रहरीले माघ २१ गते सुनसरीबाट पक्राउ गरेको थियो। प्रहरीका अनुसार सर्वसाधारणको करोडौं रूपैयाँ ठगी गरेर उनी फरार भएका थिए।


प्रहरीले अनुसन्धान सकेर मिसिल (अनुसन्धान प्रतिवेदन) बुझाएपछि जिल्ला सरकारी वकिल कार्यालय मोरङले अभियोग पत्र तयार पार्दै श्रेष्ठलाई प्रतिवादी बनाएर गत आइतबार मोरङ अदालतमा ठगी मुद्दा दर्ता गरेको थियो। अदालतमा बयान सकिएपछि वादी नेपाल सरकार र प्रतिवादीतर्फका कानुन व्यवसायीबीच थुनछेक बहस सकिएर इजलासबाट आदेश आएको सूचना अधिकारी बुढाथोकीले बताए।

श्रेष्ठविरुद्ध ४५ जना पीडितले मोरङ प्रहरीमा किटानी जाहेरी दिएका थिए। अनुसन्धानबाट ५ करोड ६९ लाख ८४ हजार ४ सय ५७ रूपैयाँ उनले ठगी गरेको पत्ता लागेको थियो।

सुनचाँदीको कारोबारका नाममा 'पास बुक'मार्फत वित्तीय कारोबार गरी सर्वसाधारणको लाखौं रूपैयाँ ठगी गरेर पसल बन्द गरी श्रेष्ठ फरार भएको अवस्थामा प्रहरीले पक्राउ गरेको थियो। सर्वसाधारणलाई आकर्षक ब्याजको लोभ देखाएर ज्वेलर्सबाटै श्रेष्ठले कानुनविपरीत वित्तीय कारोबार गर्दै आएको अनुसन्धानबाट पत्ता लागेको छ। श्रेष्ठले एकै व्यक्तिबाट १९ लाख रूपैयाँभन्दा बढी ठगी गरेको पाइएको छ।

सर्ट कमेन्ट

# समाजवादी क्रान्तिको केन्द्र



■ हरिबोल गजुरेल

**माओवादीले सुरू गरेको हुलाकी मार्ग केन्द्रित तराई मधेश जागरण अभियानको अभूतपूर्व सफलतासँगै हजारौंको पार्टी प्रवशले २०८४ को निर्वाचनमा पूर्वमा माओवादीले विजयको इतिहास दोहोऱ्याउने सुनिश्चित जस्तै**

२०५२ साल फागुन १ गते थालनी भएको जनयुद्धका आधार क्षेत्रहरू नै पूँजीवादी जनवादी क्रान्तिका केन्द्रहरू थिए। सामान्तवादी उत्पीडन चर्को थियो। त्यसप्रकारको उत्पीडनविरुद्ध जनताको संगठित संघर्षका कारण उन्नत चेतना पैदा भयो। जनयुद्धको तयारीका क्रममा पैदा भएको उन्नत चेतनाका कारण मुख्य फौजी कारवाहीको सुरुवात रोल्पा, रूकुम, गोरखा, सिन्धुली र काभ्रेबाट भएको थियो। यो संघर्ष सहितको उन्नत चेतना देशभरि फैलियो र जनयुद्धले एकपछि अर्को किर्तिमान तयार गर्दै अगाडि बढ्यो। जनवादी क्रान्तिको मुख्य शक्ति किसान हुने हुनाले गाउँबाट शहर घेर्ने रणनीति अन्तर्गत ती जिल्लाहरु केन्द्र बन्नु स्वभाविक नै थियो। अहिले हामी समाजवादी क्रान्तिको चरणमा छौ। जहाँ पूँजीवादी उत्पीडन र शोषण चर्को हुन्छ त्यहीँ संघर्षको केन्द्र बन्दछ। उन्नत चेतना पनि त्यहीँ हुन्छ। हिजो सामान्तवाद विरुद्धको संघर्षको चेतनाको केन्द्र पश्चिम थियो भने पुँजीवादविरुद्धको चेतनाको केन्द्र पूर्व बन्नु स्वभाविक र नियम सङ्गत कुरा हो। यो संघर्ष मुख्यतः दलाल र नोकरशाही पुँजीवादका विरुद्ध केन्द्रित हुन्छ। समाजवादी क्रान्तिको मुख्य शक्ति मजदुर हुने हुनाले समाजवादी क्रान्तिको केन्द्र पुँजीवादको विकास भएको स्थान मुख्यतः शहरी क्षेत्र हुन्छ र हिजोका आधार क्षेत्रहरू समाजवादी उत्पादनका भ्रुण विकास गर्ने स्थानमा बदलिन्छन्। यसर्थ २०२८ सालको झापा विद्रोहको चेतना, २००७ सालको मजदुर आन्दोलनको पृष्ठभूमि र पूर्वी पहाडमा लामो समयदेखि पुँजीवादी उत्पादन प्रणाली अभ्यास भइरहेको सन्दर्भमा आउँदा समग्र पूर्वी नेपाल समाजवादी आन्दोलनको आधार क्षेत्र वा केन्द्र बन्दछ। यस प्रयोजनका लागि झापा, मोरङ, सुनसरी र इलाम महत्वपूर्ण जिल्ला हुन्। हिजोको रोल्पाको स्थान झापाले लिने सम्भावनालाई नकार्न सकिन्न।

हाम्रो पार्टीको भर्खरै सम्पन्न केन्द्रीय समितिको बैठकले पनि उपत्यका, मधेश र पूर्वलाई समाजवादी आन्दोलनको आधारभूमि मानेको छ। ढिलै भने पनि पार्टीको ध्यान यसतर्फ जानु सुखद कुरा हो। संविधानसभा निर्वाचनको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को आयोजनामा २०६४ चैत २२ गते झापाको विर्तामोडमा भएको आमसभा ऐतिहासिक र दुरगामी महत्वको थियो। पूरै विर्तामोड बजार नै सभास्थल जस्तै बन्यो। जनताको त्यो महासागरले समाजवादी क्रान्तिको केन्द्र झापा बन्दैछ भन्ने संकेत गरेको थियो। एउटा क्षेत्रमा उमेदवार तय गर्ने सवालमा उपयुक्त छनौट नहुँदा झापा क्लिनस्वीप हुन सकेन। माओवादीले झापामा ७ सिटमध्ये ५ वटामा मात्र सफलता प्राप्त गऱ्यो। तर, ०७४ र ०७९ को स्थानीय निर्वाचनमा झापामा एउटा पालिकामा पनि जित्न सकेन। किन यस्तो हुन गयो ? त्यसबेला राजा नागार्जुन गइसकेका थिए। पुँजीवादी जनवादी क्रान्ति मूलतः सफल भइसकेको थियो। प्रधान कामलाई सहायक बनाइराख्दा परिणाम सुखद रहेन। हामीले परिस्थिति बदलिएपछि नीतिगत बदलाव गर्न नसक्दा नेपाली जनता र राष्ट्रले निकै हन्डर खानु पर्‍यो। हामीले प्राथमिकता दिएनौं र अहिले हामी पछिपऱ्यौं। समाजवाद उन्मुख संविधान बनेपछि हामीले उपत्यका, मधेस र पूर्व र शहरी क्षेत्र हाम्रो प्राथमिकता परेन। जनयुद्धका आधार क्षेत्र नै हाम्रो रोजाइमा पर्न गयो। परिणामस्वरूप पार्टी ३२ सिटमा खुम्चन पुग्यो। माओवादी केन्द्रले गरेको यो कमजोरी निकै महँगो पर्न गयो। यही एउटा कमजोरीका कारणले हुन गएको क्षतिले समग्र आन्दोलनमानै असर गऱ्यो। ढिलै भएपनि नेतृत्वले यो कुरा बुझेर पहल लिएपछि रफ्तारमा परिणाम आउन थालेको छ। पूर्वमा चौथो स्थानमा रहेको माओवादी पार्टी स्थानीय उपनिर्वाचनमा सिट र मत दुवै हिसाबले पहिलो पार्टी बनेको छ। मुख्य नेतृत्वले कुरा बुझेर पहल र सक्रियता बढाएपछि पार्टी मात्र होइन देशमा कायापलट हुन्छ भन्ने कुरा यो परिणामले पुष्टि गरेको छ।

२०८१ जेठमा अध्यक्ष प्रचण्डको उपस्थितिमा पूर्वमा कार्यरत केन्द्रीय समितिका सदस्यहरु, प्रदेश पदाधिकारी र जिल्ला संयोजक सहितको बैठकले गरेको निर्णय अनुरूप पूर्वेली संगठन सुदृढीकरण अभियान १ नं. प्रदेशमा जनस्तरसम्म पुगेपछि नेता कार्यकर्तामा स्वाभिमान जाग्नुका साथै सिङ्गो पार्टीको सक्रियतामा अभियानको उल्लेख भूमिका रह्यो। समाजवादी क्रान्तिको केन्द्र अब पूर्व बन्दैछ भन्ने कुरा अध्यक्ष प्रचण्डको सांकेतिक अभिव्यक्तिले १ नं प्रदेशमा ठूलो सकारात्मक हस्तक्षेप भयो। त्यसपछि अध्यक्ष प्रचण्डको सबै क्रियाकलाप पूर्व केन्द्रित हुन थाल्यो। अध्यक्षले पनि प्राथमिकता बदल्नुभयो। अध्यक्ष प्रचण्डको मोरङको ग्रामथानको नेताचोकको पार्टी प्रवेश कार्यक्रम, सुनसरीको इटहरीमा वाइसीएलको कार्यक्रम, विर्तामोडको पार्टी प्रवेश कार्यक्रम, प्रदेश कमिटीको बैठक तथा प्रशिक्षण र मोरङको ग्रामथानको विजय तथा धन्यवाद सभालगायतका कार्यक्रमले २०६४ को निर्वाचनको झझल्को सांकेतिक रुपमा देखिन गयो। यसै पृष्ठभूमिमा गत माघमा सम्पन्न केन्द्रीय समितिको ऐतिहासिक बैठकले पूर्व पार्टी कामको केन्द्र बन्ने स्पष्ट निर्णय लियो। त्यसपछि झापाको गौरिगंजको गाउँपालिका सम्मेलन र खबरदारी सभा, दमक नगरपालिकाको सम्मेलन र खबरदारी सभा र प्रदेश परिषद्को विस्तारित बैठक तथा प्रशिक्षण जस्ता अनगिन्ती कार्यक्रमले केन्द्रीय समितिको निर्णयको सकारात्मक असर देखियो। माओवादीले सुरू गरेको हुलाकी मार्ग केन्द्रित तराई मधेश जागरण अभियानको अभूतपूर्व सफलतासँगै हजारौंको पार्टी प्रवशले २०८४ को निर्वाचनमा पूर्वमा माओवादीले विजयको इतिहास दोहोऱ्याउने सुनिश्चित जस्तै छ। मध्य पहाडी राजमार्ग र हिमाली भेग केन्द्रित अभियानसम्म आइपुग्दा पूर्वले नयाँनयाँ किर्तिमान बनाउँदै अगाडि बढ्ने निश्चित छ। आठौं महाधिवेशनको समाजवादी कार्यदिसाको जगमा गत केन्द्रीय समितिको बैठकमा पारित लेफ्ट लाइनमा दृढताका अगाडि बढ्दै जाँदा समाजवादी क्रान्तिको नेतृत्व लिन पूर्वले कुनै कसर बाँकी राख्ने छैन।

# अब प्रदेशहरूले नै सवारी लाइसेन्स छाप्ने

◆ हाम्रोमत संवाददाता

*विराटनगर, २० फागुन*

सवारी चालक अनुमति पत्र छाप्ने अधिकार अब प्रदेश सरकारले नै पाउने भएको छ। आगामी वैशाख १ देखि साउन १ सम्म सबै प्रदेशले सवारी चालक अनुमति पत्रको छपाइ गर्ने निर्णय भएको हो।

मंगलबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सातै प्रदेशका यातायातसम्बद्ध मन्त्री र सचिवसहितको विषयगत समितिको बैठकले यस्तो निर्णय गरेको हो। सबै प्रदेशबाट जारी हुने सवारी चालक अनुमति पत्रमा एकरुपताका लागि यातायात व्यवस्था विभागले चालक अनुमति पत्रको ढाँचा समेत तयार पारेको छ। अहिलेसम्म छाप्न बाँकी सवारी चालक अनुमति पत्र भने यातायात व्यवस्था विभागले नै छाप्नेछ।

सवारी चालक अनुमति छपाई प्रदेशबाटै गर्नुका साथै ईम्बोष्ड नम्बर जडानलाई तीव्रता दिनेसमेत निर्णय भएको छ। यो निर्णयले यातायात क्षेत्रमा संघीयता कार्यान्वयनले गति लिने भन्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले संविधानले दिएका अधिकारहरुको कार्यान्वयनमा दर्विलो हुन प्रदेश मन्त्रीहरुलाई आग्रह गरेका थिए।

यस्तै मन्त्रालयका सचिव केशवकुमार शर्माले बैठकले गरेका निर्णयहरुको कार्यान्वयनका लागि आवश्यक सहयोग गर्न मन्त्रालय तयार रहेको भन्दै यातायात व्यवस्था विभागले समेत प्राविधिक सहयोग गर्ने बताएका छन्। यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले सवारी चालक अनुमति पत्र छपाई, वितरण, इम्बोस्ड नम्बर जडान, व्लुबुकको डिजिटलाईजेसन, विद्युतीय भुक्तानी लगायत आवश्यक विषयमा सहयोग हुँदै आएको बताए।

बैठकले राइड सेयरिङलाई व्यवस्थित गर्न र प्रदेशहरूबीच नीतिगत समन्वय गरी एकरुपता गर्न प्रदेश सरकारको सहभागितामा संघीय सरकारले नीतिगत व्यवस्था गर्ने र सम्बन्धित प्रदेशले लागू गर्ने निर्णय गरेको छ।

यसैगरी यातायात क्षेत्रमा हुने भुक्तानी प्रणालीलाई विद्युतीय बनाउने र आगामी चैत मसान्तभित्र सबै प्रदेशबाट विद्युतीय भुक्तानी प्रणाली सुरु गर्ने निर्णय भएको छ।

प्रारम्भमा विद्युतीय सवारी चालक अनुमति पत्र-'ईडीएल' मा यो लागू हुने र क्रमशः भुक्तानीका सबै क्षेत्रमा लागू गर्ने निर्णय भएको हो। बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल, कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवतीरमण भण्डारीसहित सबै प्रदेशका यातायात क्षेत्र हेर्ने मन्त्रीहरु सहभागी थिए।




## आन्तरिक राजस्व कार्यालय विराटनगरको विशेष अनुरोध

**आर्थिक ऐन, २०८१ ले प्रदान गरेका देहायका छुट तथा सहुलियतहरूबाट लाभ लिन सम्पूर्ण करदातालाई सूचित गरिएको छ।**

१. **करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्था: (१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को वुझाउनुपर्ने आय विवरण र सोमा लाग्ने कर सम्बत् २०८१ साल साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा व्याज मिनाहा हुनेछ।**

(२) **उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सो भन्दा अघिका आय वर्षहरुको आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सो भन्दा अघिका आय वर्षहरुको आय विवरण र सो मा लाग्ने कर, शुल्क तथा व्याज बुझाउनुपर्ने छैन।**

२. **आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्था: स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन वाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सो मा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सम्बत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी व्याज मिनाहा हुनेछ।**

३. **मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्था: सम्वत् २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले वुझाउनुपर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने व्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ।**

आन्तरिक राजस्व कार्यालय
विराटनगर

पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित । अध्यक्ष: विनोद घिमिरे, प्रधान सम्पादक: विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक: अर्जुनकुमार आचार्य, व्यवस्थापक : प्रेम पुरी
हाम्रोमत दैनिकको कार्यालय: विराटनगर-९, ट्राफिक चोक, मोरङ, फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail.com मुद्रक: हंसवाहिनी प्रिन्टर्स एण्ड पब्लिकेसन्स प्रा.लि., विराटनगर-४